म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ | अङ्कः- २२१ | २०८१ असार १९ गते बुधबार 3 July 2024, Wednesday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान

हेटौंडाः हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल स्कूलले एसईईमा उत्तीर्ण विद्यार्थी र तिनका अभिभावकलाई सम्मान गरेको छ । ८७ प्रतिशत नतिजा निकाल्न सफल विद्यालयले मंगलबार एसईई उत्तीर्ण हुने ४३ जना विद्यार्थीलाई सम्मान गरेको हो । तुलसीमेहरबाट एसईईमा सहभागी ४९ जना विद्यार्थी मध्ये ४३ जना कक्षा ११ मा भर्ना हुन योग्य भएका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आशिष श्रेष्ठको सभाध्यक्षता तथा वडाध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा विद्यालयले विद्यार्थी, अभिभावक तथा शिक्षकलाई प्रमाणपत्रसहित सम्मान गरेको हो । विद्यालयले ८ जना शिक्षकलाई पनि सम्मान गरेको छ । तुलसीमेहर मेमोरियल स्कूलमा १ हजार १ सय ५० जना विद्यार्थी अध्ययनरत छन् ।

### नयाँ सत्ता समीकरण

# बागमतीमा पहिलो पटक कांग्रेसको सरकार बन्ने

समाज संवाददाता

हेटौंडाः सत्ता समीकरण परिवर्तनको चर्चासँगै बागमती प्रदेश सरकारको जग पनि धर्मराएको देखिन्छ । केन्द्रमा एमाले-कांग्रेस गठबन्धनको सरकार बन्ने सहमति बनेसँगै प्रदेशमा पनि सोही अनुकूल सरकारको नेतृत्व हुने देखिएको हो ।

केन्द्रीय तहमा बनेको एमाले-कांग्रेस सहमतिअनुसार बागमती प्रदेश सरकारको भाग कांग्रेसको पोल्टामा पर्नेछ । एमाले-कांग्रेस गठबन्धनमा भएको सहमतिअनुसार कांग्रेसले बागमती सरकारको नेतृत्वको अवसर पाउनेछ । संघीयता कार्यान्वयनपश्चात् बागमतीमा पहिलो पटक कांग्रेसले सरकारको नेतृत्व गर्नेछ ।

संघीयता कार्यान्वयनको ७ वर्षे अवधिमा प्रमुख प्रतिपक्ष दलबाट प्रदेशमा भूमिका निर्वाह गरेको कांग्रेस विगत ३ वर्ष सत्ता साझेदार दल बनेको थियो । २०७८ कात्तिकमा सत्ता साझेदारी गर्दै सरकारमा गएको कांग्रेसले नेतृत्व भने प्राप्त गर्न सकेको थिएन । २०७८ मा कांग्रेस सहितको समीकरणबाट एकीकृत समाजवादी पार्टीका राजेन्द्रप्रसाद पाण्डेले बागमती प्रदेश सरकारको नेतृत्व पाएका थिए । सो समयमा मुख्यमन्त्री त्याग गरेर निर्वाचनको तयारीमा लागेको कांग्रेसले २०७९ पुसमा गठित सरकारमा पनि स्थान पाउन सकेन । २ महिना प्रतिपक्षमा रहेको कांग्रेस चैतमा मात्र सरकारमा फर्कियो ।

एमाले, माओवादी केन्द्र र राप्रपाको गठबन्धनको २ महिने सरकार ढलेपछि २०७९ चैतमा कांग्रेस सरकारमा सहभागी भएको थियो । सो समयमा पनि मुख्यमन्त्रीको सशक्त दावी गरेको कांग्रेसले माओवादी केन्द्रलाई सघाउँदै सरकारको नेतृत्व लिएको थियो । एक वर्षसम्म सञ्चालन भएको उक्त गठबन्धनको सरकारको समीकरण २०८० फागुनमा भत्कियो । सोलगत्तै कांग्रेस सरकारबाट बाहिरियो र केन्द्रको भन्दा फरक समीकरणबाट सरकार गठनको कसरतमा जुट्यो । तर, कांग्रेसको सो प्रयास असफल बन्यो । अन्ततः पुनः माओवादी केन्द्रकै नेतृत्वमा एमाले, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सत्ता साझेदारी बन्यो । कांग्रेस प्रमुख प्रतिपक्षको भूमिकामा पुग्यो ।

कांग्रेस विगत ४ महिनादेखि प्रमुख प्रतिपक्षको भूमिकामा रहँदै आएको छ । संघीयता कार्यान्वयनपछि भएका २ वटा निर्वाचनबाट अधिकांश समय कांग्रेस प्रमुख प्रतिपक्षको भूमिकामा नै रहँदै आएको छ । २ कार्यकालको ७ वर्षे अवधिमा कांग्रेस २६ महिना (२ वर्ष २ महिना) मात्र सरकारमा रह्यो । सो बाहेका अधिकांश समय प्रतिपक्षमा रहेर भूमिका निर्वाह गर्दै आएको छ ।

### माओवादीलाई पनि समेट्ने प्रयत्न हुन्छः कांग्रेस

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिं लामाले केन्द्र सरकारको समीकरण निक्यौंल भएपछि प्रदेशको समीकरणबारे निर्णय हुने बताउनुभयो । सत्ता समीकरण र भागबण्डाको विषयमा शीर्ष नेताहरुले निर्णय गरिसकेको अवस्था भएकाले सरकार गठन र व्यवस्थापनका विषयमा प्रधानमन्त्री नियुक्तिपश्चात् छलफल गरेर अघि बढ्ने तयारी रहेको छ ।

'अहिले प्रक्रियागत विषय टुंग्याएर समीकरणअनुसार प्रधानमन्त्री नियुक्तिको विषय नै बाँकी रहेको छ । पहिले प्रधानमन्त्री नियुक्ति नै प्राथमिकताको विषय हो । सोपश्चात् प्रदेश सरकारको विषयमा छलफल तथा निर्णय हुनेछ ।' लामाले भन्नुभयो- 'प्रदेश सरकारमा सबै दलहरुलाई समेट्ने प्रयत्न कांग्रेसको रहन्छ । अहिलेको अवस्थाले पनि सहमति र सहकार्यलाई नै निर्देशित गरेको छ । साझेदार दलहरुसँग छलफल गरेर निर्णय गर्छौं ।'

कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारका अनुसार नागरिकको सरकारको रुपमा स्थापित गर्न प्रदेश सरकारले काम गर्नुपर्ने अवस्था रहेको छ । समीकरण र अंकगणित भन्दा पनि नागरिकहरुको अपेक्षा र आवश्यकता पूरा गर्नुपर्ने परिस्थिति रहेको उहाँले बताउनुभयो ।

सत्ता समीकरणमा मुद्धा र एजेण्डामा सहमति हुने दलहरुलाई समेटेर अघि बढ्न सरकारलाई समस्या नरहेको उहाँले बताउनुभयो । सबै दल र नागरिकको सरकारका रुपमा प्रदेशलाई अघि बढाउन माओवादी केन्द्रसँग पनि साझेदारीको प्रयत्न हुने उहाँको भनाइ छ । माओवादी केन्द्र गठबन्धनको मुद्धा र विचारमा सहमति भए सरकारमा ल्याउन कांग्रेसको कुनै आपत्ति नहुने उपनेता चित्रकारले बताउनुभयो ।

'प्रदेशका नागरिकहरुलाई सरकारको अनुभूति दिलाउनु प्रमुख विषय हो । सरकार संकीर्ण र संकुचित सोचमा बन्दैन । सबैलाई समेटेर अघि बढ्ने प्रयास रहन्छ ।' चित्रकारले भन्नुभयो- 'अहिले हामी लोकतन्त्रमा छौं । लोकतन्त्रमा सशक्त प्रतिपक्ष पनि आवश्यक रहन्छ । मुद्धा र विचार मिले सरकारमा माओवादी केन्द्रलाई पनि स्थान रहन्छ । उहाँहरुको मुद्धा र विचार के हो त्यो अनुसारको निर्णय हुन्छ ।'

सत्ता समीकरण परिवर्तनपछि केन्द्र सरकार निर्माण नै पहिलो प्राथमिकता रहेको र सो पश्चात् साझेदार दलहरुसँग छलफल गरेर सहमतिको साझा विन्दु तयार हुने उहाँले बताउनुभयो । प्रदेशका सबै विषयहरुमा साझेदारहरुसँग छलफल गरेर नै सहमतिको विन्दु तयार हुने उहाँको भनाइ छ । प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गतको आवश्यकता र औचित्य अनुसारको निर्णय गरेर अघि बढ्ने उहाँले बताउनुभयो ।

### यस्तो छ अंकगणित

११० सदस्य रहेको बागमती प्रदेशसभामा कांग्रेसको ३७, एमालेले २७, माओवादी केन्द्रको २१, राष्ट्रिय प्रजातन्त्र पार्टीको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सिट रहेको छ । बागमती प्रदेशमा सरकार गठनको लागि कुल सदस्यमध्ये ५६ जनाको समर्थन आवश्यक हुन्छ । पछिल्लो समीकरणअनुसार एमाले-कांग्रेस गठबन्धनको स्पष्ट बहुमत हुने देखिन्छ । एमाले र कांग्रेस समीकरणमा ६४ जना सांसद रहेका छन् । जुन सरकार गठनका लागि पर्याप्त हुन्छ ।

# बज्रबाराही स्वास्थ्य चौकी जिल्लाकै उत्कृष्ट स्वास्थ्य संस्था




*जिल्लाकै उत्कृष्ट स्वास्थ्य संस्थाको रुपमा सम्मानित बज्रबाराही स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिका-६ स्थित बज्रबाराही स्वास्थ्य चौकी जिल्लाकै सर्वोत्कृष्ट स्वास्थ्य चौकी घोषणा भएको छ । न्यूनतम सेवा मापदण्ड सम्बन्धी समिक्षा कार्यक्रममा ९६ प्रतिशत अंक हासिल गर्दै बज्रबाराही स्वास्थ्य चौकी जिल्लाकै सर्वोत्कृष्ट स्वास्थ्य चौकी घोषणा भएको हो । जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण बहादुर मिजारको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

सुशासन व्यवस्थापन (९८ प्रतिशत), टेलिकम सेवा व्यवस्थापन (९६ प्रतिशत) र स्वास्थ्य चौकी सेवा व्यवस्थापन (९५ प्रतिशत) मा पर्ने विभिन्न विधामा उच्च अंक प्राप्त गर्दै सर्वोत्कृष्ट भएको हो । जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा भएको दुई दिने कार्यक्रममा पालिकाका स्वास्थ्य शाखा प्रमुखहरुले समीक्षा प्रस्तुतीकरण गर्नु भएको थियो ।

जनस्वास्थ्य कार्यालय मकवानपुरकी अधिकृत शिखा भुजेलका अनुसार जिल्लाको ११ वटा स्वास्थ्य संस्थाले ८५ प्रतिशतभन्दा बढी अंक हासिल गरेका छन् ।

यस्तै, १८ वटा स्वास्थ्य संस्थाले ७० प्रतिशतदेखि ८४ प्रतिशत, १३ वटा स्वास्थ्य संस्थाले ५० देखि ६९ प्रतिशत अंक हासिल गरेकोमा एउटा स्वास्थ्य संस्थाले ५० प्रतिशत भन्दा कम अंक प्राप्त गरेको छ । कार्यालयले स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्डलाई हरियो, निलो, पहेँलो र सेतो गरी ४ वटा वर्गमा छुट्याएको छ । हेटौंडा उपमहानगर पालिकातर्फ चौघडाको हेटौंडा स्वास्थ्य चौकी उत्कृष्ट घोषणा भएको छ ।

यस्तै, थाहा नगरपालिकाको बज्रबाराही स्वास्थ्य चौकी, कैलाश गाउँपालिकाको भार्ता स्वास्थ्य चौकी, राक्सिराङ गाउँपालिकाको काँकडा स्वास्थ्य चौकी, भीमफेदी गाउँपालिकातर्फ भैंसे स्वास्थ्य चौकी उत्कृष्ट घोषणा भएको छ । इन्द्रसरोवर गाउँपालिकाको सिस्नेरी स्वास्थ्य चौकी, मकवानपुरगढी गाउँपालिकाको मकवानपुरगढी स्वास्थ्य चौकी, बकैया गाउँपालिकाको शिखरपुर स्वास्थ्य चौकी र बागमती गाउँपालिकातर्फ बेतिनी स्वास्थ्य चौकी उत्कृष्ट घोषणा भएको छ ।

# गाडीको ठक्करबाट घाइते थिङको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१२ स्थित पदमपोखरीमा प्रदेश ३-०१-०२४ च ३९६७ नम्बरको पिकअप गाडीको ठक्करबाट घाइते भएका सोही ठाउँका ८६ वर्षीय सूर्यबहादुर थिङको मृत्यु भएको छ । थिङको सोमबार दिउँसो ४ बजेर १५ मिनेटको समयमा हेटौंडा अस्पतालमा उपचारका लागि ल्याइएकोमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुका प्रहरी निरीक्षक प्रकाश शाहले जानकारी दिनुभयो ।

गत असार ५ गते पदमपोखरीमा पिकअप गाडी ब्याक गर्ने क्रममा पैदलयात्री थिङलाई ठक्कर लाग्दा उनी गम्भीर घाइते भएका थिए । घाइते थिङलाई सोही दिन हेटौंडा अस्पतालमा उपचारपश्चात थप उपचारका लागि पुरानो मेडिकल कलेज चितवन लगिएको थियो ।

चितवनमा उपचारपश्चात् डिस्चार्ज भएर असार १० गते घर फर्केका थिङलाई असार १७ गते सोमबार स्वास्थ्य अवस्था ठिक नभएपछि हेटौंडा अस्पतालमा दिउँसो ४ बजे ल्याइएकोमा डाक्टरले ४ बजेर १५ मिनेटको समयमा मृत घोषणा गरेका हुन् ।

थिङको मृत्युपछि प्रहरीले गाडी चालक सोही ठाउँका ३२ वर्षीय सञ्जय तामाङलाई पक्राउ गरेको छ । यसअघि घटना घट्दा उपचार गराउने पारिवारिक शर्तसहित प्रहरीको निगरानीमा घरमा रहेका चालक लामालाई सोमबार ४ बजेर ५५ मिनेटको समयमा पक्राउ गरिएको हो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।


थप जानकारीको लागि HRL


हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




# What can be learnt from Thomas Alva Edison?





✍Saroj Prasad sah

Thomas Alva Edison, a legendary inventor, grew up with an insatiable curiosity. Born in



1847 in Ohio, he displayed a relentless drive for knowledge, often conducting experiments in his family's basement. His


formal education was brief, as he was deemed a difficult student, but his mother nurtured his inquisitive spirit at home.Edison's life took a significant turn when he saved a three-year-old boy from an oncoming train. The boy's grateful father taught Edison telegraphy, igniting his passion for communication technology. His perseverance paid off when he invented the phonograph in 1877, capturing sound for the first time.

Edison's greatest achievement came in 1879 with the invention of the practical incandescent light bulb.

He faced numerous failures and setbacks, famously saying, "I have not failed. I've just found 10,000 ways that won't work." His persistence and resilience revolutionized the world, bringing electric light to homes and streets.

Beyond his inventions, Edison's story teaches the value of perseverance, curiosity, and the belief that failure is a stepping stone to success. His journey from a curious boy to a world-renowned inventor underscores the power of dedication and the impact one individual can have on society.

# तिमी एक योद्धा हुनु




✍निरन्जन बिक्रम ठकुरी

तिमी लगनशील, निडर, कर्मठ र निस्वार्थ बगैचाको एक सुन्दर फुल हुनु ॥
फुलहरुका लागि भमरा हुनु ॥
परिवर्तन साथै विकासको युगको एक होनहार योद्धा हुनु ॥
देशका लागि सदैव एक सच्चा सपूत हुनु ॥
त्यसैगरी, सामाजिक जिवनयापनमा खुबै रमाउने,
स-साना बच्चाहरुको साथी हुनु ॥
युवाहरूको जोश, बुढ्यौलीको दौंतरी हुनु ॥
अत्यन्तै मिजासिलो मित्र हुनु ॥
ज्ञानको उदाहरण बिदुर हुनु ॥
वायुमण्डलको सूर्य हुनु ॥
वनपाखाको लालिगुराँस हुनु ॥
मौरीहरुको रानो हुनु ॥
पदयात्राका लागि यात्री हुनु ॥
गाईनेको गीत, सुरहरुको संगीत, गोठालाको मीत हुनु......
अशक्त, अपाङ्ग, गरिब, दुःखीहरुका लागि आत्मबल बन्नु ॥
थकित मजदुरहरुको मिठो निन्द्रा बन्नु ॥
ज्ञानको ज्योति बाँड्ने एक सक्षम गुरु बन्नु ॥
हेर्ने नजरमा समानता राख्नु ॥
काम कर्तव्यमा पारदर्शिता र स्वच्छता राख्नु ॥॥
मनको कोमल, निश्चल, सबैको मायालु बन्नु ।
सुन्दर दिनको गोधुली साँझ र अस्ताउँदो सूर्य जस्तै सबैको प्यारो बन्नु ॥
तिमी आफ्नो परिचय नै पहिचान बनाउनु र पहिचानबाटै सबैको सम्झना बन्नु ॥

*हाल दक्षिण कोरिया*

# उनी कहाँ म कहाँ



✍उत्सव केसी

खै आशै के गर्नु उनी कहाँ, म कहाँ
उनी गुलाबको फूल जस्ती राम्री
म वरिपरि भन्किने भमरा जस्तो
उनको आँखा गगनमा चम्किलो बिजुली जस्तो
म खम्बामा अल्झिएको तार जस्तो

उनी सिपियाहरूमा मोती समान
म समुद्रको खरो पानी जस्तो
उनी नयाँ किताबको खुश्बु जस्ती
म जलेको कागजको खरानी जस्तो
उनी बाटो देखाउने उज्यालोको स्रोत
म अन्धकारमा भड्किएको छायाँ जस्तो

उनी किसानहरूलाई आउने झरीको खबर
म उनको मृत्यु बताउने अखबार जस्तो
उनी गर्मीमा चिसो सर्वत जस्ती
म कुनै टुटेको गिलास जस्तो
उनी कुनै पूरा हुने प्रेमको कहानी
म पर्खाइमा बर्बाद हुने देवदास जस्तो

उनी दुर्लभ मयुरको प्वाख जस्ती
म खिया लागेर टुटेको फलाम जस्तो
उनी प्रफुल्लताको चलिरहेको प्रतिमा
म तन्हाईमा आफैंलाई सम्हालिरहेको

उनि दिलकसी त्यो प्रेम अधिकतम, इबादत, लगन
म सातौं मञ्जिलको प्रेम
मृत्यु को हुँ म मनसुबा
खै आशै के गर्नु उनी कहाँ, म कहाँ

*कक्षा-९, बालज्योति मावि, हेटौँडा-५*

# तिमी र म



✍युनिका गौतम

किन चाहियो र हामीलाई ठुलो घर
बसौंला नि सँगै गाउँमा, किन जाने र सहर ।

तिमी र म भएपछि बनाउँला नि एक दिन ठूलो घर
तिमी सूर्य र म किरण बनी बनाउँला सारा सहर

जीन्दगीमा मलाई धेरै कुरा गर्नु छ
तिमी चुलोमा बसी खाना पकाउँदा
मलाई छेउमा बसी हेर्ने ठुलो रहर छ ।

तिमी हाँस्दा सारा संसार जिते झैं हुन्छ
तिमी दुखी हुँदा सारै दुख लाग्छ मरम झैं हुन्छ

तिमी र म जिउने आधार हौं हामी
जीउने आधार मात्र हैन एकअर्काको साथी पनि हौं हामी

तिमी भएपछि के चाहियो र अरु
तिमी मलाई छोडी जानुभन्दा अगाडि
मै मरी दिन्छु नि बरु ।

युनिका गौतम
कक्षा-९, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२

# विश्वास घात



✍देविना सञ्जेल

विश्वासको चिन्तन, मनमा पस्यो दुख,
विश्वास मेरो टुट्यो बने अवस्वादको रूख ।

हृदयमा उनका छायाँ, सम्झनामै बस्यो विश्वास
हृदयघात गरी मलाई, बनाए नयाँलाई उनको खास ।

अँध्यारोमा खोजी गर्दै, विश्वासको हानी
पुरानो स्वप्न, अब बस मेरो दर्दको कथा बनी ।

पहिले भएको विश्वासलाई चकनाचुर पार्‍यौ
गहिरो उदासी एक्लोपनको भावना ममा नै भर्‍यौ ।

त्यो घातले भएँ म एकदम खोर्को
नयाँ संगी पाएँ उनले पारी मलाई एक्लो ।

क्रोध, भ्रम आत्म शङ्का ममा भरियो
उनका ती घातले विश्वासको मेरो संसार नै तोडियो ।

*कक्षा-९, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# नेपाल



✍दिव्यलक्ष्मी भट्ट

नेपाल हाम्रो देश
आफ्नै भाषा भेष
हिमाल पहाड तराई
कोही छैन पराई

प्राकृतिक सौन्दर्यमा धनी छ
यहाँ धेरै जात धर्म छन्
नेपालमा छ हरियाली
यहाँ उड्छन् धेरै चराचुरुङ्गी

नेपाललाई सुन्दर बनाउने हाम्रो काम
बन्नु छ नेपालको पहिचान
हामी नेपाली बस्छौं मिलीजुली
आ-आफ्नो काम गरी ॥

हामी बस्छौं नेपालमा
हाम्रो साझा समाजमा
नेपाल हाम्रो देश हो
आफ्नै भाषा भेष हो ॥

*कक्षा-६, नवोदय शिशु सदन*
*हेटौँडा-४*

# समय



✍स्वेच्छा गौतम

फेरिन्छ ऋतु फेरिन्छ समय
काम गर्दा साइत हेरिन्छ समय
बेलैमा काममा लगाए बुद्धि
फुर्सदमा सकिन्छ कोरिन समय

समयले कहिले रोक्दैन हामीलाई
हामी समयअनुसार चल्नुपर्छ
समयको अवस्था अनुसार नै
गर्नुपर्ने काम गरिसक्नुपर्छ

जिन्दगीमा मात्र एउटालाई पर्खे
पर्खाइले आफैं बाटो हाल्दो रहेछ
अल्छी भई बसीबसी खान खोज्दा
समयले बाटो मोड्दो रहेछ

बच्चादेखि बुढा सबै समयकै मेल हो
ऋतु परिवर्तन हुनु पनि एक समयकै खेल हो
बालापन जस्तो समय फर्केर नआउँदो रहेछ
बुढेसकालमा आफ्नै छायाँले पनि सताउँदो रहेछ

*कक्षा-५, सिद्धार्थ मावि, हेटौँडा-२*

# हुस्सु काग र छट्टु स्याल

**(पुस्तक समीक्षा)**



✍श्रेयान्स सिंह लामिछाने

हुस्सु काग र छट्टु स्याल कथाका लेखक एस प्रधान हुन् । कथालय इंक काठमाडौंले यस पुस्तकलाई प्रकाशनमा ल्याएको हो । २०६६ सालमा ४००० प्रति छापेर पहिलो प्रकाशन भएको यो पुस्तकको पाना सङ्ख्या ८ वटा रहेका छन् । यो पुस्तकको आईएसबिएन नम्बर ९७८ ९९३७ ५१५ ०१ ६ रहेको छ । यो पुस्तक बजारमा किन्न पाइन्छ ।

यस पुस्तकमा एउटा चलाख स्याल र मूर्खताको विषयको बारेमा लेखिएको छ । मूल शीर्षक हुस्सु काग र छट्टु स्याल रहेको यो पुस्तक मध्यम आकारको रहेको छ । गातामा काग, स्याल, रुख, हरिया घाँसपात र वनजङ्गलको चित्र कोरिएको छ । यो पुस्तक पढ्न मलाई १५ मिनेट लाग्यो । यस पुस्तकमा लेखिएका शब्द र प्रयोग भएको भाषा पढ्न सजिलो र बुझिने खालका छन् ।

यस पुस्तकले हामीलाई हामीले अरुको कुरामा सजिलै विश्वास गर्नु हुँदैन । मिठो कुरा गरेर फसाउन सक्ने पात्रहरूसँग जोगिनुपर्छ अरुको कुरामा सजिलै विश्वास गर्नाले दुःख पाइन्छ र मूर्ख बन्न पुगिन्छ । हामीले आफ्नो बुद्धिको प्रयोग गरेर सही र गलत छुट्याउन सक्नुपर्छ नत्र हाम्रो सोझोपनको फाइदा अरुले लिन सक्छन् जस्तै यस पुस्तकमा छट्टु स्यालले सोझो कागलाई फसाएको कथाजस्तै हामीलाई पनि अरुले फसाउन सक्छन् भन्ने हो । मलाई यो पुस्तक पढ्दै गर्दा रमाइलो र महत्वपूर्ण लाग्यो । यस पुस्तकले हामीलाई अरुको कुरामा सजिलै विश्वास गर्नु हुँदैन अरुले जे भन्यो त्यही मानिहाल्नु पनि हुँदैन आफ्नो बुद्धिले काम गर्नुपर्छ । र काम गर्दाखेरि धेरै सोच विचार पुर्‍याएर गर्नुपर्छ भन्ने कुरा सिकाएको छ । हामीलाई यस पुस्तकले ज्ञान गुणका कुराहरू हामीलाई फाइदा पुग्ने कुराहरु सिकाएको छ त्यसैले हामी बालबालिकाहरुले यो पुस्तक पढ्नु जरुरी छ ।

मैले यो पुस्तक पढ्दै गर्दा सच्याउनुपर्ने कुनै कमजोरीहरु भेट्टाइन यो पुस्तक हामी सबैका लागि फाइदाजनक पुस्तक भएकाले म यो पुस्तक मेरा सबै साथीहरूलाई पढ्न अनुरोध गर्छु र जसले जे भन्यो त्यही कुरामा विश्वास गरेर मूर्ख बन्नु हुँदैन । अरुले हामीलाई किन फकाउँदै छन्, कतै गलत बाटोमा लैजाँदै पो छन् कि? भन्ने कुरामा सोच विचार गरेर काम गर्नुपर्छ भन्ने शिक्षा पनि दिन चाहन्छु ।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# शिक्षा



**उन्नति अर्याल**

शिक्षा बिना दुनियाको
अज्ञानी निको हुँदैन
सक्षम विद्वान शिक्षाले
विद्या शून्य हुँदैन

आँखा भयो अन्धोहरूको
लाटोको कुलन्दर बोली
अदिमदेखि यहाँसम्म ल्यायो
भरो उदय खोली

छर्ने उज्यालो मनमन्दिरमा
चेतनाको दियो बाल्दै
जब युगको सृजनामा
यसले अज्ञानता हटाउँदैन

साधना बिना आउँदैन विद्या
गर्नुपर्छ तपस्या
लाखौं प्रश्नको उत्तर एउटै
समाधान हुने समस्या

शिक्षा प्राप्ति शिक्षा धन
शिक्षा नै हो संस्कार
शिक्षा प्रश्न शिक्षा उत्तर
शिक्षा नै हो चमत्कार

*कक्षा-९, सिद्धार्थ मावि*
*हेटौंडा-२*

# पछुतो

लघुकथा



**आकांक्षा निरौला**

एउटा गाउँमा आमा र दुई छोरा राम र श्याम बस्थे । राम आफ्नो र श्याम सौताको छोरा थियो । आमाले श्यामलाई सानैदेखि हेला गर्नु हुन्थ्यो । श्यामलाई सानैदेखि चित्रकलामा रुचि थियो । तर आमाले जहिल्यै श्यामलाई हेर त तेरो भाइ कति पढ्छ, तँ भने जहिल्यै अनेक चित्र कोर्दै बस भनेर गाली गर्नु हुन्थ्यो । हुँदाहुँदा आमाले श्यामलाई एकदिन घरबाट निकाली दिनुभयो ।

विचरा श्याम बाटोमै सुत्थ्यो, बाटोमै बस्थ्यो । एकदिन एउटा बाटोमा हिँडिरहेको मानिससँग आँखाभरी आँशु लिएर एउटा कलम र कापी माग्यो । अनि उस्ले बाटोमै बसेर चित्र कोर्न थाल्यो र दिन बित्दै गयो र एकदिन श्याम ठूलो चित्रकार बन्यो । उता उसको भाइ विदेश गएछ । घरमा आमा एक्लै । एकदिन आमा साह्रै बिरामी पर्नु भयो र छिमेकीले अस्पतालमा लगिदिए ।

रामलाई विदेशमा फोन गरेर छिमेकीले सबै कुरा बताए । तर रामले उसको कामबाट आउन नसक्ने बतायो । श्यामले कहाँबाट आमा अस्पतालमा हुनुहुन्छ भन्ने थाहा पाएर आफ्नो सबै काम छाडेर अस्पताल पुग्यो । आमा बेहोस हुनुहुन्थ्यो । आँखा खोल्दा श्यामलाई अगाडि देखेर आँखाभरी आँशु पारेर हेर्नुभयो र आफूले गरेको कामको पछुतो मानेर आफैंलाई धिक्कार्नु भयो ।

(नवसर्जक साहित्य चौतारी नेपालले २०८१ साल असार ११ गते आयोजना गरेको लघुकथा प्रतियोगितामा प्रथम हुन सफल लघुकथा)

*कक्षा-१०, जीएस निकेतन मावि,*
*हेटौंडा-५*

# चित्रकला





**अणराज लामा**
**कक्षा-८, निर्मल मावि, हेटौंडा-१९**

# सम्मान गर्न सिक छोरीको



**न्यान्सी न्यौपाने**

म छोरी हुँ भनेर नहेप
किनकि रचेको छु इतिहास
मार्ने हो भने मार तर
जिउँदै मन पोल्ने गरी नमार

अहिलेको समाजमा छैन इज्जत
छोरीको छोरीले गर्दा नै
चलेको छ बुझ्ने गर
न साथी हो ॥

छोरीहरूको इज्जत नगर्ने
दानवहरूको नाश गर्न
जन्मेका नारीहरू हौ
छोरी नै देवीका स्वरूप हुन्

समान कै कारणले मर्ने गर्छन्
हजारौं छोरी
हामीलाई पनि अधिकार छ
स्वतन्त्रपूर्वक बाँच्ने

*कक्षा-७, बालज्योति मावि*
*हेटौंडा-५*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY,
PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
MTI का विशेषताहरू
- उत्कृष्ट एवं अुनभवी प्राध्यापकहरुद्धारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त-OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
- उत्कृष्ठ नतिजा
- २९ वर्ष देखि निरन्तर चलिरहेको संस्था

कार्यक्रमहरु

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम शुल्क रु १५००/-
- फारम वितरण मिति: २०८१/०३/१६ गते आइतवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८१।०४।१३ गते आइतवार बेलुका ४:३० सम्म
- प्रवेश परिक्षा सञ्चालन हुने मिति: २०८१।०४।१९ गते विहान ८:०० बजे

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२




एसईई-२०८० मा सहभागी भई यस विद्यालयका विद्यार्थी **असल पाखिनले जीपीए ३.८९** हासिल गर्दै **सामुदायिक विद्यालयतर्फ मकवानपुर जिल्ला प्रथम** हुन सफल भएकोमा हामी गौरवान्वित भएका छौं । विद्यार्थी भाइबहिनीहरुको उत्कृष्ट नतीजाका लागि बधाई ज्ञापनसँगै आगामी दिनको शैक्षिक यात्राको पनि निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक एवम्
जनप्रिय मावि (प्राविधिक शिक्षालय) परिवार
हेटौंडा-१६, हटिया

बधाई एवम् शुभकामना



एसईई-२०८० मा सहभागी भई यस विद्यालयका विद्यार्थीहरुले उत्कृष्ट नतीजा हासिल गरेकोप्रति हामी गौरवान्वित भएका छौं । विद्यार्थी भाइबहिनीहरुको उत्कृष्ट नतीजाका लागि बधाई ज्ञापनसँगै आगामी दिनको शैक्षिक यात्राको पनि निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सीपल
एवम् सुनगाभा शिक्षा निकेतन परिवार
हेटौंडा-६, चौघडा

# क्रियसनद्वारा राप्ती नदी सफाइ



समाज संवाददाता

हेटौंडाः क्रियसन नेपाल संस्थाको आयोजनामा हेटौंडामा सरसफाइ गरिएको छ । मंगलबार हेटौंडा-१० स्थित राप्ती नदीमा विश्व बैंकको सहकार्यमा क्रियशन नेपालले सरसफाइ गरेको हो ।

१० नम्बर वडाका वडाध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्य तथा भीएफसी युथ हेटौंडाकी भोलेन्टिएर प्रतीक्षा पौडेलको सभाध्यक्षतामा सरसफाइ कार्यक्रम भएको हो । विश्व बैंकको सहकार्यमा नदीहरुमा प्लाष्टिकजन्य फोहोरलाई न्यूनीकरण गर्न ७ वटा पालिकाको नदीमा सरसफाइ गर्नका लागि कार्यक्रम गरेको संस्थाकी तालिम तथा क्षमता अभिवृद्धि अधिकृत पलिस्थन मानन्धरले जानकारी दिनुभएको छ । संस्थाले सिन्धुली जिल्लाको खुर्कोट र गोलन्जोर गाउँपालिका, महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका र मकवानपुरको हेटौंडाको राप्ती नदीको सरसफाइ गरेको अधिकृत मानन्धरले बताउनुभयो ।

आज बुधबार चितवन जिल्लाको भरतपुर महानगरपालिका, बुधबार धादिङ जिल्लाको गजुरी गाउँपालिका र चितवन जिल्लाकै इच्छाकामना गाउँपालिकाका नदीहरु सफाइ गरिने बताइएको छ। यस्तै, असार २४ र २५ गते ललितपुर महानगर पालिकाका नदीहरुको सरसफाइ गरिने उहाँले बताउनुभयो ।

संस्थाले सन् २०२४ को फेब्रुअरीबाट कार्यक्रम सुरु गरेकोमा अहिलेसम्म खुर्कोटबाट गोलन्जोर, सुनकोशी, बर्दिवास भावसीखोलाको सरसफाइ गरिसकेको उहाँले बताउनुभयो । नदीको पर्यावरण सफा राख्ने उद्देश्यले समुदायका युवाहरु, ज्येष्ठ नागरिक, प्रहरी, सिमान्तकृत र टोल विकास संस्थाका पदाधिकारीहरु गरी करिब ६० जनाले राप्ती नदीको वरपर सरसफाइ गरेको उहाँको भनाइ छ । संस्थामा आवद्ध भएका ७ जना पदाधिकारीहरुले सरसफाइ गरेका थिए । वनविज्ञान क्याम्पस तथा भीएफसी युथकी भोलेन्टिएर प्रतीक्षा पौडेल र अभिषेक चन्दको नेतृत्वमा युथ समूहका १० पदाधिकारीहरु पनि सरसफाइ कार्यक्रममा सहभागी भएका थिए ।

करिब २५ वर्ष पहिला नदीको पानी अत्याधिक सफा हुने गरेको अहिले नदीमा जथाभावी फोहोर फैलाउने काम गरेका कारणले नदीमा नकारात्म परिस्थिति सिर्जना भएकाले सरसफाइ गरेको बताइएको छ । संस्थाले विशेष वातावरणीय सरसफाइअन्तर्गत नदीलाई सफा राख्ने उद्देश्य लिएको छ ।

यस वर्षबाट सुरु गरेको सरसफाइ कार्यक्रमलाई निरन्तरता दिइने बताइएको छ । सरसफाइबाट संकलन भएको फोहरलाई पुनः प्रयोगमा आउने र नआउने छुट्याएर डम्पिङ साइटमा व्यवस्थापन गरिएको छ । सरसफाइबाट प्लाष्टिक ४६ किलोग्राम, बोटल ५ किलोग्राम, एमएलपी १६ किलोग्राम, कुहिने फोहोर १० किलोग्राम र लो ग्रेज फोहोर ६ किलोग्राम गरी करिब ३ सय ४३ किलो फोहोर संकलन भएको थियो । संस्थाले काम गरिरहेको सबै पालिकाहरुको डम्पिङ साइट खोलामा हुने बताउनुहुँदै अधिकृत मानन्धरले भन्नुभयो- 'डम्पिङ साइटमा फोहोर फालेको कारण नदीमै फोहोर मिसिएर जान्छ । त्यसैले हामी सबैले नदी सफा गर्दा एउटा व्यवस्थित ठाउँको निर्माण गर्न आवश्यक छ ।' सबै पालिकाहरुले फोहोर व्यवस्थापन गर्नका लागि बजेट विनियोजन गर्नुपर्ने उहाँले बताउनुभयो ।

नदीको सरसफाइ गर्नुभन्दा पहिला सुरक्षित उपकरणको प्रयोग गर्नुपर्ने, १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरुलाई नदी सरसफाइमा संलग्न गराउन नहुने र सडकमा गाडीहरु चल्ने भएकाले सजगता अपनाउन आवश्यक रहेको बताइएको छ । शारीरिकरुपमा अशक्त भएकाहरुलाई सरसफाइ कार्यक्रममा सहभागी नगराउन आग्रह गरिएको छ । प्लाष्टिकजन्य फोहोर मुक्त नदी भन्ने नाराका साथ सरसफाइ कार्यक्रम गरिएको हो ।

# गोरक्षनाथमा बानियाँ


समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, फुर्केचौरस्थित गोरक्षनाथ माविको अध्यक्षमा अनिलकुमार बानियाँ चयन हुनुभएको छ । असार १२ गते बसेको विद्यालय व्यवस्थापन समितिको पूर्ण बैठकबाट बानियाँ सर्वसम्मत अध्यक्षमा चयन हुनुभएको हो ।

असार १० गते विद्यालयको ३५ औं अभिभावक भेलाबाट व्यवस्थापन समितिका लागि २ जना महिला र २ जना पुरुष गरी ४ जना अभिभावक चयन भएका थिए । यस्तै, असार ११ गते एक वडा प्रतिनिधि र १२ गते बसेको पूर्ण बैठकबाट थप दुई जना सदस्य मनोनित भएका थिए ।

सदस्य चयन हुनेहरुमा ज्ञानुका चौलागाई, भीमबहादुर चौलागाई, योगराज खतिवडा, टीकादेवी थिङ, रोहित विश्वकर्मा, सृजना गुरागाई, शिक्षक प्रतिनिधि तोयानाथ दाहाल र सदस्यसचिव विद्यालयकी प्रधानाध्यापक मीना श्रेष्ठ हुनुहुन्छ ।

नवनिर्वाचित कार्यसमितिको कार्यकाल ३ वर्षको रहनेछ । कक्षा १० सम्म अध्यापन हुने विद्यालयमा अहिले ३ सय ४० जना विद्यार्थीहरु अध्ययनरत छन् ।




# थाहामा एसईईको समीक्षाः अभिभावकको न्यून उपस्थिति

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकाले मंगलबार २०८० को माध्यमिक शिक्षा परीक्षा (एसईई)को समीक्षा गरेको छ । नगर प्रमुख विष्णु विष्टको सभाध्यक्षतामा पालिकाभित्रका विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीहरुको उपस्थितिमा एसईईको नतिजा समीक्षा भएको हो ।

समीक्षा कार्यक्रममा अभिभावकको उपस्थिति न्यून रहेको थियो । नगरका शिक्षा शाखा प्रमुख माधवविक्रम मल्लका अनुसार समीक्षामा अभिभावकको नै चासो कम देखिएको छ । नगरले सबै अभिभावकलाई कार्यक्रममा उपस्थितिका लागि खबर गरेकोमा ८-१० जना अभिभावक मात्र उपस्थित भएको उहाँले बताउनुभयो ।

आफ्नो बालबालिका र शिक्षाप्रति अभिभावकको चासो कम पाइएको भन्दै उहाँले यसमा सबैले चासो दिन आवश्यक रहेको बताउनुभयो । समीक्षामा सहभागीहरुले अभिभावक शिक्षा दिनुपर्छ भन्ने गुनासो गरेका थिए । यसका लागि नगरले अभिभावक शिक्षा कार्यक्रम सञ्चालनको तयारी गर्ने उहाँले बताउनुभयो ।

समीक्षामा शिक्षक र केही अभिभावकहरुले अहिलेका विद्यार्थीहरु पढ्न नखोज्ने र मोबाइलमा बढी व्यस्त हुने गरेको गुनासो गरेको प्रमुख मल्लले बताउनुभयो । कोभिडले शिक्षामा पारेको प्रभाव अझै परिरहेको सहभागी शिक्षकहरुको गुनासो थियो । अहिले एसईईमा भएका कमी कमजोरीका बारेमा र विषयगतरुपमा विद्यालयमा नै छलफल थालेको र धेरैजसो विद्यार्थीलाई कोचिङ कक्षाको आवश्यकता रहेको शिक्षकहरुले धारणा राखेका छन् ।

विद्यार्थीहरुलाई पढ्न प्रेरित गर्न र क्षमता मापन गर्न हरेक महिना परीक्षा सञ्चालन गरेर समीक्षा गर्नुपर्ने बताएका छन् । थाहा नगरपालिकाबाट २०८० मा ४ सय ४१ जना विद्यार्थीले एसईई परीक्षा दिएकोमा १ सय ४८ जनामात्र उत्तीर्ण भएका थिए ।

शिक्षा शाखा प्रमुख मल्लले अहिले पनि पालिकाले सबै विद्यालयहरुमा दरबन्दीअनुसारको शिक्षक परिपूर्ति गर्न नसकिरहेको स्वीकार्नुभयो । उहाँले नगरभित्रका केही विद्यालयहरु मर्ज गरेर भए पनि दरबन्दी व्यवस्थापन गर्न आवश्यक रहेको बताउनुभयो । नगरले मात्र चाहेर मर्ज गर्न नसक्ने भन्दै सबैसँग छलफल गरी भूगोल राम्रो भएको ठाउँमा ठूलो कक्षा सञ्चालन गर्न सकेमा शिक्षक दरबन्दी पनि पुऱ्याउन सकिने उहाँको भनाइ छ ।

# प्रजा मृत फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिका-१०, बेतेघारीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा गोपीराङका ५६ वर्षीय पूर्णबहादुर प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । सोमबार साँझ ६ बजेर ३० मिनेटको समयमा प्रजा मृत अवस्थामा फेला परेका थिए । अनुसन्धानका क्रममा प्रजा दैनिक ज्यालादारी गर्ने गरेको र अत्याधिक मादक पदार्थ सेवन गरी हिंड्ने गरेको प्रहरीले जनाएको छ ।

लैङ्गिक तथा यौनिक 'अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं' ।

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,

- मानवअधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड













समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ